# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, चैत्र १३ गते, २०७९ साल (अतिरिक्ताङ्क ४४

## भाग २

### प्रदेश सरकार

### कोशी प्रदेश

### विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

### प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७९

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधन</u>**: प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को,-

खण्ड "(ग)" मा रहेको "प्रदेश नं १" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" भन्ने शब्दहरु राखिएका छन्ः-

३. **<u>मुल कार्यविधिको दफा ३ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा १ को खण्ड "छ" पछि देहायको खण्ड "ज","झ","ञ","ट" र "ठ" थप गरिएको छः

"(ज) स्थानीय तह मातहत रहने स्वास्थ्य संस्थासँग सम्बन्धित पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(झ) स्थानीय तहको प्रशासनिक भवन तथा वडा कार्यालय रहने भवन निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(ञ) विपद्‌बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(ट) प्रदेश र स्थानीय तहबीच तथा अन्तर स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम।

(ठ) गाउँ/शहरमा रोजगारी प्रवर्द्धन, उत्पादन बृद्धि, सौन्दर्यकरण तथा राजश्व बृद्धिमा सहयोग पुग्ने आयोजना/कार्यक्रम"

(२) उपदफा "(२)" पछि देहायको उपदफा "(३)" थप गरिएको छः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(३) स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत अनुमान र सम्पन्न हुने अवधि अनुसूची ३ बमोजिम हुनेगरी गर्नुपर्नेछ।"

४. <u>**मूल कार्यविधिको दफा ४ मा संशोधनः**</u> मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (२) मा रहेको "कूल लागतको बढीमा सत्तरी प्रतिशत" भन्ने शब्दहरुको सट्टामा "कूल लागतको बढीमा पैसठ्ठी प्रतिशत भन्ने शब्दहरु राखिएका छन्।"

(२) उपदफा (२) पछि देहायको उपदफा "(३)" थप गरिएको छः

"प्रदेश र स्थानीय तह वा प्रदेश र एक भन्दा बढी स्थानीय तहको पचास पचास प्रतिशतको संयुक्त लगानीमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रममा अनसूची ३ मा तोकिएको लागत अनुमान सीमा भन्दा थप रकम विनियोजन गर्न सकिनेछ।"

५. <u>**मूल कार्यविधिको दफा ६ मा संशोधनः**</u> मूल कार्यविधिको दफा ६ को,-

उपदफा (४) मा रहेको "स्थानीय तहको सम्बन्धित सभाको बहुमतले अनुमोदन गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको सभाको निर्णय वा कार्यपलिकाको बैठकको निर्णय बमोजिम गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएको छ।

६. <u>**मुल कार्यविधिमा दफा ७ मा संशोधनः**</u> मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशको सट्टामा देहायको प्रतिवन्धात्मक बाक्यांश राखिएको छः

"तर चालु आर्थिक वर्ष २०७९।०८० को हकमा बैशाख १५ गते सम्ममा स्थानीय तहले प्रस्ताव पेश गर्न बाधा पर्ने छैन।"

(२) उपदफा (४) पछि देहायको उपदफा "(५)", "(६)", "(७)", "(८)" र "(९)" राखिएको छः

"(५) मन्त्रालयले प्रत्येक वर्ष फाल्गुण मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामि आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना/कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

तर चालु आर्थिक वर्ष २०७९।०८० को हकमा चैत्र १५ गते सम्ममा मन्त्रालयले सूचना प्रकाशन गरि प्रस्ताव माग गर्न सक्नेछ।"

(६) स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची- १ बमोजिमको ढाँचामा तथा मन्त्रालयले तोकेको विद्युतीय प्रणालीमा समेत मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(७) समपूरक अनुदान सम्बन्धी प्रस्ताव माग गर्दा मन्त्रालयले प्रदेशको स्रोत साधनको अवस्था अनुसार आयोजनाको संख्या निर्धारण गर्न सक्नेछ।

(८) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना/कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ।

(९) स्थानीय तहले क्रमागत आयोजना/कार्यक्रमको प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण अनिवार्य रूपमा मन्त्रालयले तोकेको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।"

७. <u>मूल कार्यविधिको दफा ८क मा संशोधनः</u> मूल कार्यविधिको दफा ८क को,-

उपदफा (१) को खण्ड "ग" को सट्टा देहायको खण्ड "ग" राखिएको छ।

"(ग) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको उपसचिव वा अधिकृतस्तर नवौं वा दशौं तहको अधिकृत"

८. <u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u> मूल कार्यविधिको दफा ९ को,-

उपदफा १ को खण्ड "(घ)" सट्टामा देहायको खण्ड "(घ)" राखिएको छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

"(घ) समपूरक अनुदान अन्तर्गत सञ्चान हुने गरी छनौट भएको आयोजना कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण गर्न, आयोजना कार्यक्रमको नाम, क्रियकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।"

९. <u>मूल कार्यविधिमा दफा १५क र दफा १५ख थप गर्नेः</u> मूल कार्यविधिको दफा १५ पछि देहायको दफा १५क र १५ख थप गर्ने,-

"**१५क.** <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यो कार्यविधि अनुसार आयोजना/कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा वा द्विविधा परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१५ख.** <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> आवश्यकता अनुसार मन्त्रालयले अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।"

१०. <u>मूल कार्यविधिमा रहेको योजना तथा कार्यक्रम शब्द संशोधनः</u> मूल कार्यविधिको विभिन्न स्थानमा रहेको "योजना तथा कार्यक्रम" शब्दहरुको सट्टा देहायको शब्दहरु राखिएका छन,-

"आयोजना/कार्यक्रम"

११. <u>मूल कार्यविधिमा अनुसूची ३ थप गर्नेः</u> मूल कार्यविधिमा देहाय बमोजिमको अनुसूची ३ थप गरिएको छः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची ३

(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

समपूरक अनुदान अन्तर्गत स्थानीय तहले आयोजना/कार्यक्रम प्रस्ताव गर्ने सीमा

| सि.नं. | स्थानीय तहको किसिम | सालबसाली आयोजना/कार्यक्रम | दुई वर्षिय आयोजना/कार्यक्रम |
|---|---|---|---|
| १. | गाउँपालिका | पचास लाख रुपैयाँ देखि एक करोड पचास लाख रुपैयाँ सम्म | एक करोड रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म |
| २. | नगरपालिका | पचहत्तर लाख रुपैयाँ देखि दुई करोड रुपैयाँ सम्म | एक करोड पचास लाख रुपैयाँ देखि चार करोड रुपैयाँ सम्म |
| ३. | उप महानगरपालिका/ महानगरपालिका | एक करोड रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म | दुई करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म |

स्वीकृत मितिः- २०७९/१२/१३

आज्ञाले,
श्याम प्रसाद भण्डारी
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np